नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विधुत विकास विभाग
(..........................................................)
(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्सः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

प.सं.: २०७९/८० (अनुमतिपत्र)
च.नं.: ५२८

मितिः २०७९/११/११

**विषयः-**

सुपर लोहोरे खोला ए ज.वि.आ.(१.३ मे.वा.)को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र बारे ।

श्री एम .टि.हाइड्रोपावर प्रालि..
सामाखुसी, काठमाडौं, नेपाल
फोन नं.: ०१-४३८६८९०, ९८४१५७२१२७

प्रस्तुत विषयमा मिति २०७६/०३/१९ मा सुपर लोहोरे खोला ए ज.वि.आ.(१.३ मे.वा.)को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र संख्या (वि.वि.वि.०७५/७६, वि.उ.स. १०८८) तहाँको नाममामा जारी भइ मिति २०७८/०३/१८ सम्म बहाल भएकोमा विद्युत ऐन, २०४९ को दफा ५ (३) तथा विद्युत नियमावली, २०५० को नियम २५ बमोजिम अनुमतिपत्र नवीकरण गराउनुपर्ने वा नियम १२ बमोजिम विद्युत उत्पादन अनुमतिपत्रको माग गरी अनुमतिपत्रको वहाल म्याद भित्रै विद्युत नियमावली, २०५० को नियम २४(२) बमोजिमको अनुमतिपत्र दस्तुर सहित दरखास्त दिनुपर्ने व्यवस्था रहेको व्यहोरा अवगत नै होला ।

अनुमतिपत्र बहाल रहने मिति २०७८/०३/१८ भित्रै अनुमतिपत्रको म्याद थप वा विद्युत उत्पादन अनुमतिपत्रको लागि अनुमतिपत्र दस्तुर सहित दरखास्त दिनुपर्नेमा तहाँले तोकिएको उक्त म्याद मिति भित्र दस्तुर सहित दरखास्त पेश गरेको नदेखिंदा प्रस्तुत अनुमतिपत्र रद्द हुने देखिन्छ। अतः रद्द गर्नु नपर्ने कुनै कारण भए यो पत्र प्राप्त भएको मितिले १५ दिन को समयावधि भित्र प्रमाण/आधार सहित स्पष्टीकरण पेश गर्नुहुन विभागको मिति २०७९/११/१० को निर्णयानुसार जानकारी गराइन्छ।

..........................
(सविन दुलाल)
इन्जिनियर